**राक्सिराङ्ग गाउँपालिका**

# स्थानीय राजपत्र

खण्ड ०३, संख्या १, मकवानपुर, असार ०८ गते, २०७६ साल

## भाग १

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**राक्सिराङ्ग गाउँपालिकाको आ.व. २०७६/०७७ को विनियोजन ऐन २०७६**

संवत् २०७६ सालको ऐन नं. ३९

# राक्सिराङ्ग गाउँपालिकाको विनियोजन ऐन, २०७६

**प्रस्तावनाः** राक्सिराङ्ग गाउँपालिकाको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम राक्सिराङ्ग गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम “राक्सिराङ्ग गाउँपालिकाको विनियोजन ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७६/७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित शशर्त अनुदान, चालूखर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेतगरी जम्मारकम रु **४५,०९,७६,०००/** (अक्षेरुपी पैंतालिस करोड नौलाख छैहत्तर हजार रुपैंया) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्चगर्न सकिने छ

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।७७ को निमित्त राक्सिराङ्ग गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक

भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूचि-१
## (दफा २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क्र.सं. | आय शिर्षक | रकम | क्र.स. | व्यय शिर्षक | रकम |
| १ | आन्तरीक आय | ३,२९,६५,००० / | १ | चालु एवं प्रशासनिक खर्च | २३,८९,२९,०००/ |
| २ | राजश्व बाँडफाँड | १२,५०,०००/ | १.१ | प्रशासनिक खर्च | २,८२,००,०००/ |
| ३ | प्रादेशिक अनुदान | ५,३०,६१,००० / | १.२ | चालु खर्च | ३,०६,४०,०००/ |
| ३.१ | सशर्त अनुदान शिक्षा र स्वास्थ्य | १९,८९,००० / | १.३ | संघीय सशर्त अनुदान खर्च | ११,१७,००,०००/ |
| ३.२ | वित्तिय समानीकरण | १,०१,६३,००० / | १.४ | सामाजिक सुरक्षा कार्यक्रम | ५,००,००,०००/ |
| ३.३ | विशेष अनुदान | ३,००,००,००० / | १.५ | गरिब संग विशेश्वोर कार्यक्रम | १०,००,०००/ |
| ३.४ | सशर्त पूँजिगत | - | १.६ | स्थानीय शासन सामुदायिक विकास कार्यक्रम (LGCDP) | ४,००,०००/ |
| ३.५ | राजश्व बाँडफाँड | १,०९,०९,००० / | १.७ | प्रदेश सशर्त अनुदान शिक्षा र स्वास्थ्य | १९,८९,०००/ |
| | | | १.८ | प्रदेश सरकार विशेष अनुदान | १,५०,००,०००/ |

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क्र.सं. | आय शिर्षक | रकम | क्र.स. | व्यय शिर्षक | रकम |
| ४ | केन्द्र सरकार अनुदान | २९,७३,००,०००/ | १.८.१ | आर्थिक विकास क्षेत्र कार्यक्रम तर्फ (३० प्रतिशत) | ४५,००,०००/ |
| ४.१ | सशर्त | ११,१७,००,०००/ | १.८.२ | सामाजिक विकास क्षेत्र कार्यक्रम तर्फ (७० प्रतिशत) | १,०५,००,०००/- |
| ४.२ | वित्तिय समानीकरण | ९,६७,००,०००/ | २ | ४० प्रतिशत प्रदेश फिर्ता | १,३६,८६,०००/ |
| ४.३ | राजश्व बाँडफाँड | ८,८९,००,०००/ | ३ | समपुरक कोष | २,०५,२९,०००/ |
| | | | ४ | पुँजीगत खर्च | १७,७८,३२,०००/ |
| ५ | स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम क्रमागत जिल्ला समन्वय समिति | १,००,००,०००/ | ४.१ | पुर्वाधार विकास कार्यक्रम क्षेत्र (७३.७ प्रतिशत) | १३,१०,००,०००/ |
| ६ | सामाजिक सुरक्षा कार्यक्रम | ५,००,००,०००/ | ४.२ | वातावरण तथा विपद व्यवस्थापन क्षेत्र (११.२ प्रतिशत) | २,००,००,०००/- |
| ७ | गरिब संग विशेश्चोर कार्यक्रम | १०,००,०००/ | ४.३ | सस्थागत विकास सेवा प्रवाह र सुशासन क्षेत्र (६.७ प्रतिशत) | १,१८,३२,०००/- |
| ८ | स्थानीय शासन | ४,००,०००/ | ५ | प्रदेश सरकार | १,५०,००,०००/ |

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क्र.सं. | आय शिर्षक | रकम | क्र.स. | व्यय शिर्षक | रकम |
| | सामुदायिक विकास कार्यक्रम (LGCDP) | | | विशेष अनुदान पुँजिगत | |
| ९ | चालु आर्थिक वर्ष अनुमानित सञ्चित कोष मौज्दात | ५०,००,०००/ | ५.१ | आर्थिक विकास क्षेत्र (३० प्रतिशत) | ४५,००,०००/ |
| १० | ऋणको साँवा तथा ब्याज | ० | ५.२ | सामाजिक विकास क्षेत्र (७० प्रतिशत) | १,०५,००,०००/ |
| ११ | लगानी( शेयर/ऋण | ० | | | |
| | **जम्मा** | **४५,०९,७६,०००/** | | | **४५,०९,७६,०००/** |

**आज्ञाले**
**रामकुमार पुडासैनी**
**प्रमुख प्रशासकीय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/मुद्रण रु ५ मात्र ।**